बैठक नं.१०

आज मिति २०८२/१२/२० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउस ४:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणी खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

सुर्य बहादुर कार्की - का.वा. वडाध्यक्ष - ९

लाल बहादुर गुरुङ - का.वा. वडाध्यक्ष - १२

सोमनाथ दंगौरिया - का.वा. वडाध्यक्ष - १६

प्रस्ताव नं. १०.१४
विविध ।

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

**प्रस्ताव नं. १०.१४.१**

एक पालिका, एक चिस्यान केन्द्र स्थापना सम्बन्धमा ।

**निर्णय नं. १०.१४.१**

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ३३१ मिति २०८२।१२।१७ गतेको पत्र मार्फत जानकारी भई नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय बजेट तथा कार्यक्रम शाखाको पत्रानुसार नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी सय कार्यसूचीको बुदाँ नं. ९० (ख) मा समावेश भएको कृषि उपजको भण्डारण तथा बजारीकरण सुधारका लागि एक पालिका, एक चिस्यान केन्द्र कार्यक्रम प्रारम्भ गर्ने विषयमा यस पालिकामा निजी क्षेत्र/सहकारीको साझेदारीमा १००० मे.टन क्षमताको चिस्यान केन्द्र निर्माण कार्यका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कार्यक्रम माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०.१४.२**

**कृषि हाटबजार सम्बन्धमा ।**

**निर्णय नं. १०.१४.२**

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को निर्णय तथा शासकीय सुधार कार्यसूचीको बुँदा नं. १० (ख) को कार्यान्वयनका सन्दर्भमा बुटवल उपमहानगरपालिका भित्र सञ्चालनमा रहेका स्थापित ९ वटा कृषि हाटबजारहरू रहेका छन । जीर्ण पूर्वाधार मर्मत, सरसफाई व्यवस्थापन तथा सञ्चालनमा निरन्तरता कायम गर्न आवश्यक विभिन्न वडाहरुमा संचालित हाटबजारमा कुल २२३४ स्टल संख्या रहि नियमित हाटबजार संचालनमा रहेको, यसको दिगो संचालनका लागि मर्मतसंभार आवश्यक भएको र यसका लागि बजेट अभाव भएकाले वडा नं. ५ स्थित हाटबजारमा रहेको शौचालय निर्माण तथा मर्मत सम्भारकालागि रु ६ करोड र बुटवल उपमहानगरपालिका वडा नं. ७ स्थित दीपनगरमा शौचालय निर्माण तथा मर्मत सम्भारका लागि रु. ४ करोड आवश्यक बजेट कृषि तथा पशुपंन्क्षी विकास मन्त्रालयमा विनियोजनका लागि अनुरोध गरी पठाउने निर्णय गरीयो ।

२०८२।१२।२०
मित्रमणी खनाल
प्रमुख प्रशासकीय अधिकृत